# टेम्केमैयुङ गाउँपालिका

## अन्नपूर्ण, भोजपुर

# आर्थिक वर्ष २०८२/८३ को आर्थिक विधेयक

गाउँपालिका सभामा प्रस्तुत

अठारौँ गाउँसभा मिति २०८२ असार १० गते

# टेम्केमैयुङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८२

**प्रस्तावना** : टेम्केमैयुङ गाउँपालिका को आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम टेम्केमैयुङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"टेम्केमैयुङ गाउँपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि टेम्केमैयुङ गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति/भूमिकर (मालपोत) कर** : गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३ . **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक करोवार गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका एवं नगरपालिकाको क्षेत्राधिकार भित्रका सडकमा गुड्ने सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **घर नक्सा कर दस्तुर** : गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन एवं संरचना तथा पुराना घरको घर नक्सा पास एवं भवन संरचना नियमितता अभिलेखिकरण लगायतका लागि अनुसूची (१०) बमोजिम दस्तुर लगाईने र असूल उपर गरिनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (११) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **सिफारिश तथा सेवा शुल्कः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका गाउँपालिकाले तोकेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (८) मा उल्लेख भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **हाट बजार (गुद्री) सेवा शुल्क** : गाउँपालिका क्षेत्रभित्रका विभिन्न बजारहरुमा संचालन हुने हाट बजारमा हाटबजार (गुदरी) सेवा शुल्क अनुसुचि (९) बमोजिम सेवा शुल्क लगाउने र असुल उपर गरिनेछ ।

**११. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूची (७) मा उल्लेख भए अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१३. जे.सि.वी भाडा शुल्कः** गाउँपालिकाको जे.सि.वी उपलब्ध गराए वापत अनुसूची (६) मा उल्लेख भए भाडा शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर रयाफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर रयाफ्टीङ्ग सेवा वा व्यावसाय संचालन गरेवापत गाउँ कार्यपलिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१६. पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट गाउँ कार्यपालिकाले तोके बमोजिम दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१७. निकासी करः** गाउँ क्षेत्रभित्र उत्पादन तथा व्यावसायिक कारोबार हुने उत्पादित सामग्री तथा मालसामानहरु व्यावसायिक प्रयोजनका लागि नगर क्षेत्रबाहिर निकासी गर्दा गराउँदा लाग्ने निकासी दस्तुर अनुसूची (९) मा उल्लेख भए अनुसार हुनेछ । उक्त निकासी कर दस्तुरका सन्दर्भमा संघीय तथा प्रादेशिक कानुनले व्यवस्था गरेकोमा सोहि अनुसार हुनेछ।

**१८. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को उपदफा ३ अनुसार मापदण्ड बनाई एकीकृत सम्पत्ती करमा छुट दिन सक्नेछ ।

१९. यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट गाउकार्यपालिकाले कायम गर्नेछ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कायर्यपालिकाले तोके अनुसार हुनेछ । यस ऐनमा उल्लेख हुन छुट भएका कर तथा शुल्क संकलन सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२१. यस ऐनमा लेखिएको हकमा यसै ऐन बमोजिम हुनेछ तथा यस ऐनमा नलेखिएको एवं बाझिएको हकमा प्रदेश तथा संघीय कानून बमोजिम हुनेछ ।

टेम्केमैयुङ गाउँपालिकाकोगाउँसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ४७ को उपदफा १ अनुसार आ.व. २०८२/८३ को लागि दफा १ देखि २१ सम्म एवं अनुसूची १ देखि १० सम्मको पृष्ठ संख्या २ रहेको " **टेम्केमैयुङ गाउँपालिकाको आर्थिक ऐन, २०८२"को १७ औं गाउँ सभाको अधिवेशन पारित भएको प्रमाणीकरण गर्दछु ।**

दस्तखत :
नाम : सरोज बस्नेत
पद : सभा अध्यक्ष(गाउँपालिका अध्यक्ष)
मिति : २०८२/०३/१० गते मंगलवार

# अनुसूची - १

## सम्पत्ति/भूमि कर (मालपोत)

भूमि (मालपोत) कर देहाय बमोजिम लगाई असुल उपर गरिने छ।

| विवरण | अव्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत तथा बारी | १८ | १६ | १४ | ११ |

जग्गा वर्गीकरण भए पश्चात वर्गीकृत जग्गाहरूको मालपोत कर कार्यपालिकाले दर निर्धारण गरी असुल गरिनेछ।

घरधुरी कर देहाय बमोजिम लगाइ र असुल उपर गरिने छ ।

| विवरण | पक्की | च्यादर | टायल | फुस |
|---|---|---|---|---|
| दर | ३०० | १५० | १०० | २५ |
| प्रत्येक आर्थिक वर्षको भूमि, मालपोत र घरधुरी कर दाखिला नगरी अर्को आर्थिक वर्षमा कर दाखिला गरेमा थप १०%, एकदेखि दुई वर्ष भित्रमा दाखिला गरेमा थप २०% र तीन वर्ष वा सोभन्दा बढी अवधिमा दाखिला गरेमा ३०% थप जरिवाना लाग्नेछ। | | | | |

# अनुसूची - २

## घर बहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा घरधनीवाट बहाल रकमको १०% का दरले बहाल कर लगाइने र असुल गरिनेछ ।

# अनुसूची - ३

## व्यवसाय कर

| सि. नं. | व्यवसायका नाम | आ व २०८१/८२ | | आ.ब २०८२/८३ | |
|---|---|---|---|---|---|
| १ | किराना पसल | दर्ता | नवीकरण | दर्ता | नवीकरण |
| | श्रेणी क | १००० | १००० | १५०० | १००० |
| | श्रेणी ख | ८०० | ८०० | १२०० | ८०० |
| | श्रेणी ग | ७०० | | १००० | ७०० |
| २ | थोक विक्रेता | १००० | | २००० | १००० |
| ३ | होटल व्यवसाय | | | | |
| | होटल एण्ड लज | १५०० | | २००० | १५०० |
| | रेस्टुरेण्ट | १२०० | | २५०० | २००० |
| | रेस्टुरेण्ट एण्ड वार | ४५०० | | ४५०० | ३००० |
| | होटल | १००० | | १२०० | १००० |
| ४ | मासु पसल | १००० | | १००० | ८०० |
| ५ | चिया नास्ता पसल | ५०० | | ५०० | ३०० |
| ६ | मिठाई पसल | ७०० | | ७०० | ४०० |
| ७ | फेन्सी/कपडा पसल | | | | |
| | श्रेणी क | १४०० | | १४०० | १००० |
| | श्रेणी ख | १२०० | | १२०० | १००० |
| | श्रेणी ग | १००० | | १००० | ८०० |
| ८ | हार्डवेयर पसल | | | | |
| | श्रेणी क | ३००० | | ३००० | २००० |
| | श्रेणी ख | २५०० | | २५०० | १५०० |
| | श्रेणी ग | २००० | | २००० | १२०० |
| ९ | भाडा बर्तन पसल | १००० | | १००० | ८०० |
| १० | सुन चाँदी तथा गहना पसल | | | | |
| | श्रेणी क | ३००० | | ३००० | २००० |
| | श्रेणी ख | २५०० | | २५०० | १५०० |
| ११ | पत्रिका स्टेसनरी पुस्तक पसल | ७०० | | ७०० | ४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | फोटो स्टुडियो | १००० | | १००० | ५०० |
| १३ | क्लिनिक/भेटेरिनरी | १५०० | | १५०० | १००० |
| १४ | चश्मा पसल | ७०० | | ७०० | ४०० |
| १५ | फर्निचर | | | | |
| | स्टिल फर्निचर पसल | १५०० | | १५०० | १००० |
| | काठको फर्निचर पसल | १२०० | | १२०० | ८०० |
| १६ | ब्युटी पार्लर | ७०० | | ७०० | ४०० |
| १७ | टेलरिङ्ग सेन्टर,पसल | ५०० | | ५०० | ३०० |
| १८ | डेरी पसल | १००० | | १५०० | १००० |
| १९ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | १००० | | १००० | ५०० |
| २० | घडी, रेडियो, क्यासेट, सिडी, इलेक्ट्रोनिक सामान विक्री पसल | १००० | | १००० | ५०० |
| २१ | कवाडी व्यवसाय दर्ता | २४०० | | २४०० | १५०० |
| २२ | आइसक्रिम बेच्ने पसल | २५० | | २५० | १०० |
| २३ | मुर्ति/उपहार पसल | २५० | | २५० | १०० |
| २४ | पान पसल | २५० | | २५० | १०० |
| २५ | माटोको भाँडा पसल | २५० | | २५० | १०० |
| २६ | साना जलविद्युत आयोजना | | | | |
| | माइक्रो हाइड्रो १० किलोवाट सम्म | २५०० | १००० | २५०० | १००० |
| | माइक्रो हाइड्रो १०० किलोवाट सम्म | ५००० | २००० | ५००० | २००० |
| | माइक्रो हाइड्रो ५०० किलोवाट सम्म | २०००० | ५००० | २०००० | ५००० |
| | माइक्रो हाइड्रो ५०० किलोवाट भन्दा माथि | ३०००० | ८००० | ३०००० | ८००० |
| २७ | हस्तकला सामान पसल | २०० | २०० | २०० | १०० |
| २८ | बाख्रा पालन व्यवसाय | १००० | ५०० | १००० | ५०० |
| २९ | बंगुर पालन व्यवसाय | १००० | ५०० | १००० | ५०० |
| ३० | मत्स्य पालन व्यवसाय | ५०० | ५०० | १००० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | गोलिया काठ चिरान उद्योग | ३००० | १००० | ३००० | १५०० |
| ३२ | बिजुलीका सामान बिक्री पसल | १००० | ५०० | १००० | ५०० |
| ३३ | मोटर पार्टस मिल मेसनरी | १५०० | १००० | १५०० | १००० |
| ३४ | कानूनी तथा प्राविधिक परामर्श सेवा | ५००० | २००० | ५००० | २५०० |
| ३५ | लेखा पढी व्यवसायी | १००० | ५०० | १००० | ५०० |
| ३६ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | | | | |
| | श्रेणी क | २०००० | २०००० | - | २५००० |
| | श्रेणी ख | १४००० | ८००० | - | १५००० |
| | श्रेणी ग | ७००० | ५००० | - | ५००० |
| | श्रेणी घ | ४००० | २००० | ४००० | २००० |
| ३७ | सहकारी बैंक | १४०० | १००० | १४०० | १००० |
| ३८ | बिमा कम्पनी | १२००० | ५००० | १२००० | ५००० |
| ३९ | सहकारी संस्था दर्ता | ५०० | | ५०० | |
| ४० | ढुवानी सेवा | २००० | १००० | २००० | १००० |
| ४१ | हल्का पेय पदार्थ, जुस उत्पादन उद्योग | १००० | ५०० | १००० | ५०० |
| ४२ | बेकरी उद्योग | १००० | ५०० | १००० | ५०० |
| ४३ | नुडल्स उद्योग | १००० | ५०० | १००० | ५०० |
| ४४ | कुटानी पिसानी उद्योग | १००० | ५०० | १००० | ५०० |
| ४५ | एग्रोभेट पसल | १००० | ५०० | १००० | ५०० |
| ४६ | पोल्ट्री फर्म | १००० | १००० | १००० | ५०० |
| ४७ | खोटो संकलन अनुमति | १००० | ५०० | १००० | ५०० |
| ४८ | रेडियो, एफ एम प्रसारण केन्द्र | १००० | ५०० | १००० | ५०० |
| ४९ | रुद्राक्ष व्यवसाय | ३००० | २००० | ५००० | ३००० |
| ५० | ढाका बुनाई, बेत बाँस (हस्तकला) उद्योग | १००० | ५०० | १००० | ५०० |
| ५१ | इँटा टायल उद्योग | ३००० | २००० | ३००० | २००० |
| ५२ | विरुवा नर्सरी उद्योग | ८०० | ५०० | ८०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | भाषा प्रशिक्षण कोचिङ्ग सेन्टर | १००० | ८०० | १००० | ८०० |
| ५४ | मनि ट्रान्सफर | २५०० | १००० | २५०० | १५०० |
| ५५ | निजी क्षेत्रका क्याम्पस | १८०० | १५०० | १८०० | १५०० |
| ५६ | बोर्डिङ स्कुल | | | १०००० | ५००० |
| ५७ | औषधी पसल | २००० | १००० | २००० | १००० |
| ५८ | पुल स्नुकर | १२०० | ५०० | १२०० | ५०० |
| ५९ | हस्तकला सामान पसल | २०० | २०० | २०० | १०० |
| ६० | मोटर साईकल ग्यारेज | १००० | १००० | १५०० | १००० |
| ६१ | बस तथा हेभी गाडी मर्मत ग्यारेज | २००० | १५०० | २००० | १५०० |
| ६२ | शैलुन | ५०० | ५०० | १००० | ५०० |
| ६३ | कुरियर्स | १५०० | १००० | १५०० | १००० |
| ६४ | कम्प्युटर प्रशिक्षण केन्द्र | १००० | ५०० | १००० | ५०० |
| ६५ | केबुल व्यवसाय | ६००० | २००० | ६००० | ३००० |
| ६६ | खनिज उद्योग | २४०० | | २५००० | १५००० |
| ६७ | फलफुल तथा तरकारी खुद्रा पसल | ५०० | | ५०० | २०० |
| ६८ | मध्य बजारक्षेत्र भन्दा बाहिरका ग्रामीण क्षेत्रमा खोलिएका किराना पसल तथा साना होटेल | ३०० | | ३०० | १५० |
| ६९ | निर्माण व्यवसायी | १५००० | ५००० | १५००० | ७००० |
| ७० | निर्माण व्यवसायी (म्याद नाघेको) | | १०००० | | १०००० |
| ७१ | सीपमुलक स्वरोजगार सेवा प्रदान गर्ने संस्था | ५०० | | १००० | ५०० |
| ७२ | डिष्टीलरी मदिरा व्यवसाय थोक विक्रेता | १००० | | १००० | ५०० |
| ७३ | पार्क उद्यान, पिकनिक स्पोट शुल्क | ५०० | | १००० | |
| ७४ | कन्सल्टेन्सी संस्था | १२०० | | २००० | १००० |
| ७५ | कृषि तथा जडीबुटी जन्य उद्योग | ३००० | | ३००० | १५०० |
| ७६ | संस्था शुल्क (खेलकुद, धार्मिक प्रतिष्ठान, सामाजिक प्रतिष्ठान | १००० | | १५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | आदि) | | | | |
| ७७ | कृषि तथा पशुपंक्षी समूह (घरेलुमा दर्ता भएको) | २०० | २०० | २०० | १०० |
| ७८ | कृषि तथा पशुपंक्षी समूह शुल्क (घरेलुमा दर्ता नभएको) | ५०० | ५०० | १००० | ५०० |
| ७९ | कृषि तथा पशुपंक्षी फर्म सुचीकरण | | ५०० | | ५०० |
| ८० | शिक्षक सरुवा सिफारिस शुल्क | २००० | | २००० | |
| ८१ | कर्मचारी सरुवा सिफारिस शुल्क | २००० | | २००० | |
| ८२ | जलस्रोत संस्था | ३००० | | ३००० | १५०० |
| ८३ | खानेपानी, सिंचाई उपभोक्ता समिति | १५०० | १००० | १५०० | १००० |

## अनुसूची - ४

## सवारी साधन कर

पटके सवारी करको दररेट देहाय बमोजिम असुल उपर गरिने छ ।

| सि.न. | सवारीका प्रकृति | आ.व. २०८१/८२ रु. | आ.व. २०८२/८३ रु. |
|---|---|---|---|
| १ | बस, ट्रक, ट्रयाक्टर तथा अन्य हेभी सवारी साधनहरू | ३० | ५० |
| २ | सानो जीप, भ्यान, कार | २० | ३० |

## अनुसूची - ५

## <u>मनोरञ्जन कर</u>

मनोरञ्जन कर प्रवेश शुल्कको ३ प्रतिशत लगाइने र असुल उपर गरिनेछ ।

## अनुसूची - ६

## जे.सि.वि भाडा

| क्र.स | विवरण | प्रति घण्टा | कैफियत |
|---|---|---|---|
| १ | इन्धन लुब्रिकेन्ट बाहेक | १३०० | |
| २ | इन्धन लुब्रिकेन्ट समेत | ३५०० | |

## अनुसूची - ७

## बहाल बिरौटी कर

| क्र.सं. | विवरण | आ व २०८१/८२ | आ व २०८२/८३ |
|---|---|---|---|
| १ | राँगाको मासु पसल (प्रति राँगो) | २०० | २०० |
| २ | सुँगुरको मासु पसल (प्रति सुँगुर) | १५० | १५० |
| ३ | जिउंदो रांगो प्रतिगोटा | १०० | १०० |
| ४ | हाट बजार | | |
| | होलसेल पसल (खाद्यन्न समेत) | ३०० | ३०० |
| | किराना पसल | १०० | १०० |
| | थान कपडा पसल | १०० | १०० |
| ५ | पाउरोटी पसल | १५ | १५ |
| ६ | माटाका भाँडा पसल | ५० | ५० |
| ७ | तयारी कपडा तथा जुत्ता पसल | १०० | १०० |
| ८ | हरेक माल खुद्रा घुमन्ते पसल | ३५ | ३५ |
| ९ | हरेक माल खुद्रा घुमन्ते व्यापार (प्रति दिन) | ५० | ५० |
| १० | खसी बोकाको मासु पसल | १०० | १०० |
| ११ | राडी गलैंचा पसल | १०० | १०० |
| १२ | घुमन्ते जादु प्रदर्शनी | ६० | ६० |
| १३ | कस्मेटिक श्रृंगार सामान पसल | ६० | ५० |
| १४ | स्थानीय उत्पादित फलाम औजार पसल | ३० | ३० |
| १५ | छालाका सामान पसल | २५ | २५ |
| १६ | चटपटे पसल | ३० | ३० |
| १७ | धातुका भाँडा पसल | १०० | १०० |

## अनुसूची - ८

## सेवा शुल्क दस्तुर

गाँउपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएका सेवामा सेवाग्राहीवाट देहाय बमोजिम शुल्क लगाइ असुल उपर गरिने छ ।

| क्र. सं. | सेवाको किसिम | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालयबाट गरिने सामान्य सिफारिस | २०० | २०० | |
| | कार्यालयबाट गरिने सामान्य सर्जमिन | | ५०० | |
| २ | स्थलगत सर्जमिन | ७०० | ७०० | |
| ३ | नक्कल दस्तुर प्रति पाना | ५ | ५ | |
| ४ | साँध सिमाना प्रमाणित पक्की सडक क्षेत्रको | ६०० | ६०० | |
| ५ | साँध सिमाना प्रमाणीत कच्ची सडक क्षेत्रको | ३०० | ३०० | |
| ६ | नागरिकता प्रमाणपत्र सिफारिस अनुसूचि १ | २०० | २०० | |
| ७ | नागरिकता प्रमाणपत्र सिफारिस अनुसूचि २ | ३०० | ५०० | |
| ८ | नागरिकता प्रमाणपत्र सिफारिस अनुसूचि ३ | १००० | १००० | |
| ९ | जग्गा नामसारी सिफारिस न्युनतम २० रोपनी सम्म र सो भन्दा माथि | ५०० थप रु ३० का दरले | ५०० थप रु ५० का दरले | |
| १० | नाम थर संशोधन सर्जमिन समेत | ५०० | ८०० | |
| ११ | नाम थर संसोधन सिफारिस | ३०० | ३०० | |
| १२ | निजी जग्गाका रुख कटानका लागि जिल्ला वन कार्यालयमा गरिने सिफारिस सल्ला, उत्तिस, पात्ले, चिलाउने जात प्रति गोटा | १०० | १०० | |
| १३ | निजी जग्गाका रुख कटानका लागि जिल्ला वन कार्यालयमा गरिने सिफारिस रातो पात्ले वा अरु जात प्रति गोटा | १५० | २०० | |
| १४ | वन कार्यालयलाई दिने कटान आदेश सिफारिस | | ५०० | |
| १५ | व्यापार व्यवसाय नामसारी/ठाउँसारी दस्तुर | ६०० | १००० | |
| १६ | घर कायम पक्की सिफारिस | ६०० | ६०० | |
| १७ | घर कायम कच्ची सिफारिस | ४०० | ४०० | |
| १८ | छुट जग्गा दर्ता प्रति रोपनी सिफारिस | १००० | १००० | |
| १९ | निजी धारा विद्यूत टेलिफोन जडान सिफारीस | २०० | २०० | |
| २० | घरबाटो सिफारिस (बाटोले छोएको) | | ८०० | |

| | | | | |
|---|---|---|---|---|
| २१ | घरबाटो सिफारिस (बाटोले नछोएको) | | ५०० | |
| २२ | आचरण सम्बन्धी सिफारिस | ५०० | ५०० | |
| २३ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क (३५ दिनसम्म निःशुल्क) | २०० | २०० | |
| | बसाई सरी जाने सिफरिस | १००० | १५०० | |
| | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | ५०० | ५०० | |
| २४ | कन्सुलर प्रमाणित प्रति कागजात | १००० | १००० | |
| २५ | विवाह प्रमाणीकरण स्वदेशी दुलहीसँग | ५०० | ५०० | |
| २६ | विदेशी दुलही सँग | १००० | १००० | |
| २७ | अविवाहित प्रमाणीकरण | ५०० | ५०० | |
| २८ | सडक दूरी प्रमाणित | ५०० | ५०० | |
| २९ | जन्म प्रमाणित | ३०० | ३०० | |
| ३० | नाता प्रमाणित | ५०० | ५०० | |
| ३१ | बसोबास प्रमाणित | ३०० | ३०० | |
| ३२ | न्यायिक समिति अन्तर्गतको उजुरी निवेदन | ३०० | ३०० | |
| ३३ | न्यायिक समिति अन्तर्गतको प्रत्यूत्तर पत्र | ३०० | ३०० | |
| ३४ | न्यायिक समिति फैसला प्रतिलिपि प्रति पाना | ५ | ५ | |
| ३५ | नाबालक परिचय पत्र सिफारिस | निःशुल्क | ५०० | |
| ३६ | विपन्न वर्ग, अपाङ्गता सिफारिस | निःशुल्क | निःशुल्क | |
| ३७ | स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | निःशुल्क | |
| ३८ | जेष्ठ नागरिक/विपन्न वर्ग उपचार सिफारिस | निःशुल्क | निःशुल्क | |
| ३९ | अदालतमा कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | निःशुल्क | |
| ४० | छात्रवृत्ति सिफारिस | निःशुल्क | निःशुल्क | |
| ४१ | वन्यजन्तुबाट हुने बालीनाली नोक्सानी तथा क्षतिको राहत सिफारिस शुल्क | निःशुल्क | निःशुल्क | |
| ४२ | अन्य राहत प्रयोजनको लागि गरिने सिफारिस शुल्क | निःशुल्क | निःशुल्क | |
| ४३ | सामाजिक सुरक्षा भत्ता प्रयोजनको लागि गरिने सिफारिस शुल्क | निःशुल्क | निःशुल्क | |
| ४४ | निजी विद्यालय थप कक्षा संचालन सिफारिस | १००० | १००० | |
| ४५ | निजी विद्यालय संचालन सिफारिस | १२०० | १२०० | |
| ४६ | मोही नामसारी सिफारिस | ५०० | ५०० | |
| ४७ | ठुला उद्योग स्थापना सिफारिस | १०००० | १०००० | |
| ४८ | मझौला उद्योग स्थापना सिफारिस | ५००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ४९ | साना उद्योग स्थापना सिफारिस | ६०० | १००० | |
| ५० | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | १००० | १५०० | |
| ५१ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | ३००० | ४००० | |
| ५२ | अन्य मुलुकको पेन्सन पट्टा सम्बन्धी सिफारिस | ३००० | ५००० | |
| ५३ | पारिवारिक विवरण प्रमाणित | | १००० | |
| ५४ | अपुताली सम्बन्धी सिफारिस | १५०० | १५०० | |
| ५५ | अन्य अंग्रेजी रुपान्तरित प्रमाणित कागजात | ५०० | ५०० | |
| ५६ | आय प्रमाणित ५,००,००० सम्म | १००० | १००० | |
| ५७ | त्यसपछि रु १०,००,०००/-सम्म | २००० | २००० | |
| ५८ | १००००००/-देखि माथि १५०००००/-लाख सम्म | ३००० | ३००० | |
| ५९ | १५०००००/- देखि २००००००/-सम्म | ४००० | ४००० | |
| ६० | सोभन्दा माथि लाग्ने थप शुल्क | ०.१५ प्रतिशत | ०.१५ प्रतिशत | |
| ६१ | जग्गा मूल्यांकन प्रति लाख | २० रुपियाँ | १०० रुपियाँ | |
| ६२ | उद्योग धन्दा नामसारी सिफारिस | १०००० | १०००० | |
| ६३ | पेट्रोल पम्प स्थापना सिफारिस | ५००० | ५००० | |
| ६४ | गाउँपालिका हल भाडा प्रति दिन | १००० | १००० | |
| ६५ | वारिसनामा पेन्सन तथा निवृत्तिभरण सिफारिस दस्तुर | ५०० | १००० | |
| ६६ | उर्जा उद्योग सिफारिस | १०००० | १०००० | |
| ६७ | डिलर | | | |
| | क) चुरोट विडि जस्ता धुम्रपान | १५०० | १५०० | |
| | ख) रिचार्ज कार्ड | १५०० | १५०० | |
| | ग) हल्का पेय पदार्थ विक्री डिलर | १५०० | १५०० | |
| | घ) ग्यास डिलर | १००० | १००० | |
| | ङ) अन्य डिलर | १००० | १००० | |
| ६८ | टेलिफोन टावर पहिलोपटक अनुमति दस्तुर | ५००० | ५००० | |
| ६९ | टेलिफोन टावर दोस्रो वर्ष देखि नविकरण दस्तुर | ३००० | ३००० | |
| ७० | सूचि दर्ता दस्तुर | ५०० | ५०० | |

# अनुसूची - ९

## अन्य विक्री/व्यवसाय कर

| | | | | |
|---|---|---|---|---|
| १ | **वनजन्य, पशुजन्य र कृषिजन्य साथै अन्य विक्री कर** | | | |
| | क) राँगा, भैसी | प्रतिगोटा | १०० | |
| | ख) गाई, गोरु | प्रतिगोटा | १०० | |
| | ग) बंगुर | प्रतिगोटा | १०० | |
| | घ) भेडा | प्रतिगोटा | १०० | |
| | ङ) खसी, बाख्रा | प्रतिगोटा | १०० | |
| | च) अलैंची | प्रतिमन | ५०० | |
| | छ) चिराइतो | प्रतिमन | ५०० | |
| | ज) फलफुल जन्य (सुन्तला, कागती, एभोकाडो, किवि, ड्रागन फ्रुट) लगायत अन्य सबै | प्रति क्यारेट | २० | |
| २ | **निकासी दस्तुर** | | | |
| | क) लकडी | प्रति गाडी | १००० | |
| | ख) बाँस | प्रति गाडी | १००० | |
| | ग) फलफुल जन्य (सानो गाडी) | प्रति गाडी | १००० | |
| | ग) फलफुल जन्य (ठूलो गाडी) | प्रति गाडी | २००० | |
| | घ) अलैंची/चिराइतो | प्रति गाडी | १००० | |
| | ङ) तरकारी जन्य (सानो गाडी) | प्रति गाडी | ५०० | |
| | ङ) तरकारी जन्य (ठूलो गाडी) | प्रति गाडी | १००० | |
| | च) मह | प्रति लिटर | २० | |
| | छ) रुद्राक्ष | प्रति के.जी | ५ | |
| | ज) कवाडी मालसामान | प्रति गाडी | ७०० | |
| | झ) अन्य | प्रति गाडी | ५०० | |

# अनुसूची – १०

## घर नक्सा सम्बन्धी दस्तुर

### क) नक्सा पास दस्तुर

| | | |
|---|---|---|
| १ | पक्की आर.सी.सी भवन | प्रति वर्ग फिटको रु |
| | ०-१००० | ३।०० |
| | १०००-२००० | ४।०० |
| | २०००- माथि | ५।०० |
| २ | पक्की गाह्रो जस्ता पाताको छाना भएको घर | ३।०० |
| ३ | कम्पाउण्ड वाल | २।०० |
| ४ | काठको सेन्टर बेरा भएको भवन | २।०० |

### ख) नक्सा नामसारी गर्दा

| | | प्रति वर्ग फिटको रु |
|---|---|---|
| १ | रजिष्ट्रेशन पास वा वकस पास भई आएको पक्की छत भएको भवन | २।०० |
| २ | रजिष्ट्रेशन पास वा वकस पास भई आएको पक्की गाह्रो टिनको छाना भएको भवन | १।५० |
| ३ | रजिष्ट्रेशन पास वा वकस पास भई आएको कम्पाउण्डवाल | १।२५ |
| ४ | रजिष्ट्रेशन पास वा वकस पास भई आएको काठको सेन्टरबेरा भएको भवन | १।२५ |
| ५ | मृत्यु  पछिको नामसारी गर्दा पक्की छत भएको भवन | १।५० |
| ६ | मृत्यु पछिको नामसारी गर्दा पक्की हटनको छानो भएको भवन | १।२५ |
| ७ | मृत्यु पछिको नामसारी गर्दा कम्पाउण्डवाल | १।०० |
| ८ | मृत्यु पछिको नामसारी गर्दा काठको सेन्टर बेरा भएको भवन | १।०० |
| ९ | आवेदन दस्तुर रु | ३००।- |

| | | |
|---|---|---|
| १० | आवेदन किताब दस्तुर रु | ६००।- |
| ११ | निर्माण सम्पन्न प्रमाणपत्र / अभिलेखिकरण प्रमाणपत्र  दस्तुर रु | १०००।- |
| १२ | प्राबिधिक सेवा शुल्क रु | २००० ।- |
| १३ | ले आउट दस्तुर शुल्क रु | १००० ।- |

# अनुसूची - ११

## विज्ञापन कर

गाँउपालिकाले निषेध नगरिएका क्षेत्रमा विज्ञापन कर वार्षिक रु. ५०० लगाइने र असुल उपर गरिने छ।

# अनुसूची - १२

## मेशिनरी बहाल कर

मेसिनरी बहाल कर १५ प्रतिशत कायम गरिएको छ।

## अनुसूची - १३

## आन्तरिक आय अनुमान

राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने आन्तरिक राजश्व अनुमान देहाय बमोजिम गरिएको छ ।

| सि न | राजश्व शिर्षक | श्रोत | आगामी आ व २०८२/८३ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | 8500 | |
| २ | ११३१४ | भुमिकर/मालपोत | 1550000 | |
| ३ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | 1000 | |
| ४ | ११३१७ | वहाल कर | 290000 | |
| ५ | ११३१८ | वहाल विटौरी कर | 20000 | |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 5000 | |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ९०००० | |
| ८ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ५००००० | |
| ९ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १०००० | |
| १० | ११६९१ | अन्य कर | १००000 | |
| ११ | १४१५१ | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | १००००० | |
| १२ | १४१९१ | पर्यटन शुल्क | ८३६०० | |
| १३ | १४१९२ | पदयात्रा शुल्क | 5000 | |
| १४ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ३००००० | |
| १५ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००००० | |
| १६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | 5000 | |
| १७ | १४२२१ | न्यायिक दस्तूर | ९०० | |
| १८ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १५०००० | |
| १९ | १४२२४ | परीक्षा शुल्क | ४०००० | |

| | | | | |
|---|---|---|---|---|
| २० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १००००० | |
| २१ | १४२४१ | पार्किङ्ग शुल्क | 1000 | |
| २२ | १४२४२ | नक्सापास दस्तुर | १०००० | |
| २३ | १४२४३ | सिफारिश दस्तुर | १४००००० | |
| २४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४००००० | |
| २५ | १४२४५ | नाता प्रमाणित दस्तुर | १३५००० | |
| २६ | १४२४९ | अन्य दस्तुर | ९०००० | |
| २७ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ४०००० | |
| २८ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ४५०००० | |
| २९ | १४२६५ | अन्य क्षेत्रको आय | १००००० | |
| ३० | १४३११ | न्यायिक दण्ड,जरिवाना, जफत | 2000 | |
| ३१ | १४५२९ | अन्य राजस्व | ३००० | |
| ३२ | १४६११ | व्यवसाय कर | १००००० | |
| ३३ | १५१११ | बेरुजु | १०००० | |
| ३४ | ३३३६६ | दहत्तर बहत्तर | ९००००० | |
| | | जम्मा आन्तरिक आय अनुमान रकम | ७५००००० | |